# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा

प.सं.०७७/७८
च.नं. ६६८

१ नं. प्रदेश नेपाल
मितिः २०७७/०९/३

**विषयः साधारण सभा सम्बन्धि सूचना।**

श्री सबै सहकारी संस्थाहरु,
बाह्रदशी गाउँपालिका, झापा ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमणको कारण सहकारी संस्थाहरुका साधारण सभा सम्पन्न गर्न अन्यौलता सृजना भै रहेको अवस्थामा सहकारी विभागको च.नं. २०२ मिति २०७७/०६/०१ को सहकारी संस्थाको साधारण सभा सम्बन्धि सूचना सर्वविदितै छ ।साधारणसभा सम्पन्न गर्न बाँकी यस गाउँपालिकामा क्रियाशील सहकारी संस्थाहरुले सहकारी विभागको उक्त सूचनामा निर्देशित भए बमोजिम सहकारी ऐन, २०७४ को दफा ३९ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र बार्षिक साधारण सभा सम्पन्न गर्न यस बाह्रदशी गाउँपालिकाको नियमन क्षेत्र भित्रका सबै सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

.............................
चित्र प्रसाद गुरागाई
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७।७८
चलानी नं. : 202
प्राप्त पत्र संख्या र मिति : 2066/8/9

मिति-२०७७।०६।०१

**विषय- सहकारी संस्थाको साधारण सभा सम्बन्धी सूचना ।**

श्री राष्ट्रिय सहकारी महासंघ/ राष्ट्रिय सहकारी बैंक/विषयगत केन्द्रिय संघहरु/सबै सहकारी संस्थाहरु

सहकारी संस्थाको साधारण सभा सञ्चालन गर्न सहकारी ऐन, २०७४ सहकारी नियमावली २०७५ र सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ आकर्षिक हुने देखिन्छ। सहकारी ऐन, २०७४ को दफा ७५ (१) मा सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट गराउनु पर्ने भन्ने व्यवस्था भएकाले अहिले प्रायः सहकारी संघ संस्थाहरू गत आ.व. को लेखा परीक्षण गर्ने गराउने काममा लागिरहेका छन्। त्यसैगरी ऐनको दफा ४३ मा विभिन्न कामको अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकारमा प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,साधारणसभाका निर्णय कार्यान्वयन गर्ने गराउने एवं सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने भन्ने बेहोरा उल्लेख भएको छ। त्यसैगरी ऐनको दफा ३९ (२) मा समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र बार्षिक साधारण सभा बोलाउनु पर्ने, दफा ४० (४) मा सहकारी संस्थाको साधारण सभाको लागि गणपुरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत हुने, दफा ४० (५) मा २ हजार वा सोभन्दा बढी सदस्य रहेको संस्थाले साधारणसभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिमको सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसको वडामा सञ्चालक सदस्यहरुलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमणित गर्न प्रतिनिधिहरु छनौट गर्न सक्ने र त्यस्ता प्रतिनिधीहरुको उपस्थित सभाले अन्तिम निर्णय प्रमाणित गर्ने भन्ने व्यवस्था रहेको छ। त्यसैगरी सहकारी नियमावली २०७५ को नियम १८ मा ऐनको दफा ४० (५) को कार्यान्वयनका विषयहरू उल्लेख भएका छन् भने सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ ले एकाइगत व्यवस्थालाई थप स्पष्ट पारेको व्यहोरा संबद्ध सबैमा विदितै छ।

उल्लिखित कानूनी व्यवस्थाको अक्षरस पालना गर्नु सम्पूर्ण सहकारीकर्मीको कर्तव्य हो तथापि विश्वभर फैलिएको कोभिड-१९ को संक्रमणले चुनौति खडा गरेको छ। राज्यले जारी गरेका

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७/७८
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

उल्लिखित कानूनी व्यवस्थाको मर्मभित्र रही सहकारी संघसंस्थाहरूको साधारण सभा तोकिएकै समयभित्र सम्पन्न गर्नु पर्ने ऐनमा स्पष्ट व्यवस्था भएकाले सम्बन्धित सरोकारवालाहरूको सुझावसमेतको आधारमा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डको पूर्ण पालना गरी सहकारी ऐन, २०७४ ऐ नियमावली २०७५ तथा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ अन्तर्गत रही यो वर्षको साधारण सभा सम्पन्न गर्न सम्बन्धित सबै सहकारी संघ संस्थाहरूलाई विभागको मिति २०७७ आश्विन १ को निर्णय अनुसार यो सूचना जारी गरिएको छ ।

<u>साधारण सभाको अग्रिम तयारी सम्बन्धी</u>

१· सहकारी ऐन २०७४ ले तोकेको समयभित्र लेखापरीक्षण सम्पन्न गरी साधारणसभाको लागि तयारी गर्ने,

२· समयमै सञ्चालक समितिको बैठक बसी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभाको लागि तयारी अवस्थामा रहने,

३· साधारण सभाको लागि तयार गरिएको प्रतिवेदन र साधारण सभामा भाग लिने माध्यम सम्बन्धित संघ संस्थाको वेवसाईटमा अपलोड गर्ने । यदि सम्बन्धित संघ/संस्थाको वेवसाईट नभएमा नियमनकारी निकायको स्वीकृति लिएर सार्वजनिक सूचना प्रसारण गरी प्रतिवेदन र साधारणसभा सम्बन्धी अन्य जानकारी प्राप्त गर्ने स्थान र समयको बारेमा सदस्यलाई सूचित गर्ने,

४· सञ्चालक समितिले पारित गरी साधारण सभाको लागि तयार गरिएको प्रतिवेदन साधारणसभाको कम्तिमा १५(पन्ध्र) दिन वा सम्बन्धित सहकारी संस्थाको विनियममा तोकिएको समय अगावै सबै शेयर सदस्यले प्राप्त गरे/नगरेको टेलिफोन, इमेल, लगायत माध्यमबाट सुनिश्चित गर्ने र सोको अभिलेख राख्ने,

५· प्रतिवेदन पठाउदा नै सदस्यहरूले प्रतिवेदनमाथिको सुझाव, सल्लाह वा संशोधन प्रस्ताव समेत भए सोसहित साधारणसभाको लागि तोकिएको दिनमा उपस्थित हुन वा अगाडि नै लिखित जानकारी गराउन आग्रह गर्ने र सो प्रतिवेदन उपर प्राप्त लिखित सुझावसमेत साधारण सभाको निर्णयमा समावेश गर्ने,

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email:
sahakaribivag@gmail.com
Website:
www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७।७८
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

<u>साधारण सभाको कार्यक्रम सम्बन्धी</u>

६· साधारण सभा कार्यक्रम विद्युतीय माध्यमबाट सञ्चालन गर्न सकिनेछ (गणपूरक संख्याको हकमा भने १५ दिन वा विनियममा तोकिएको समयभित्र सदस्यहरुलाई प्रतिवेदन वितरणगर्दा गरिएको हस्ताक्षर अनुरूप तत्काल कायम सदस्यको ५१% पुग्नुपर्नेछ) र सम्भव भएसम्म साधारण सभा सञ्चालन अवधिभरिको सबै गतिविधिहरू सामाजिक सञ्जाल वा स्थानीय सञ्चारमाध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था मिलाउने साथै विद्युतीय माध्यमबाट गरिने साधारण सभाको सम्पूर्ण रेकर्डिंग नियमनकारी निकायमा साधारण सभा सकिएको १५ दिनभित्र पेश गर्नुपर्नेछ,

७· यदि साधारण सभा विद्युतीय माध्यमबाट सञ्चालन गर्न नसकिने अवस्था भएमा सदस्य संख्या,सदस्यको फैलावट तथा कार्यक्षेत्रसमेतको विचार गरी बढीमा १५(पन्ध्र) दिनसम्म वा सहकारी संस्थाको स्वीकृत विनियममा तोकिएको समयसम्म साधारण सभा सञ्चालन अवधि कायम राखी उपस्थिति पुस्तिका खुल्ला गर्न सकिने र सदस्यहरुलाई १५ दिनभित्र हस्ताक्षर गर्नका लागि उपस्थित हुने समय र स्थानको जानकारी अग्रिम गराउने, साथै निर्णय पुस्तिकामा हस्ताक्षर गर्न छानिएका प्रतिनिधिहरुलाइ सोही समयमा निर्णय पुस्तिकामा समेत हस्ताक्षर गराउने र नियामक निकायबाट समेत प्रमाणित गराउने,

८· साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कार्यक्रमकै दिनमा प्रतिनिधिहरु चयन गर्ने,

९· सदस्यहरूले दिएका सुझावहरू समेटी साधारण सभाको निर्णय पुस्तिका तयार पार्ने,

१०· साधारण सभामा उपस्थित हुने सदस्यहरूको उपस्थितिको अभिलेखको आधारमा कानून बमोजिमको गणपूरक संख्या पूरा भएमा मात्र साधारण सभाले वैधानिकता पाउनेछ,

११· सहकारी ऐन २०७४ को दफा ४०(५) बमोजिम समान कार्यसूचीमा छलफल तथा निर्णय गर्नेगरी एकाइगत रुपमा हुने साधारण सभाको हकमा पनि माथि उल्लिखित बुँदाहरूको पूर्ण पालना गर्ने,

१२· साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्ने गरी चुनिएका प्रतिनिधिहरूले सबै एकाईको जम्मा मतसंख्यालाई आधार लिई बहुमतको प्रस्ताव पारित हुनेगरी निर्णय प्रमाणित गर्ने,

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७।७८
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

१३· अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने।

यो व्यवस्था नेपाल सरकारले भेला जमघटमा निषेधाज्ञा तोकेको अवस्था/स्थानले सदस्यहरु भेला हुन बन्चित भएको समयको लागि मात्र हुने र नेपाल सरकारले निषेधाज्ञा हटाएमा भने प्रचलित कानूनी प्रावधान अनुरूप नै साधरणसभा गर्नुपर्नेछ ।

(सुरेन्द्रराज पौडेल)
उप-रजिष्ट्रार

**बोधार्थ-**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरबार ।